**चौथो त्रैमासिक (२०७१ माघ देखि असार सम्म ) औद्योगिक सुचकांकको प्रारम्भिक अवस्था**

**त्रैमासिकरुपमा हेर्दा :**

आ.व. २०७१।०७२ को चौथो त्रैमासिकमा समग्र औद्योगिक उत्पादन तेश्रो त्रैमासिकको तुलनामा ११.४ ले घटने अनुमान छ । अघिल्लो आ.व.२०७०।७१ को चौथो त्रैमासिकको तुलनामा यस आ.व.को चौथो त्रैमासिकमा औद्योगिक उत्पादन ६.७ ले घट्ने अनुमान गरिएको छ । यसरी उत्पादन घट्नुको मुख्य कारणमा महाभुकम्पको नकारात्मक प्रभाव नै हो ।

वस्तुगतरुपमा (commodity) चौथो त्रैमासिकमा औद्योगिक उत्पादन सूचकांकको विश्लेषण गर्दा जम्मा ४४ वटा वस्तुहरुमा १८ वटा वस्तुहरुको उत्पादन बढ्ने अनुमान गरिएको छ । जस मध्ये सवै भन्दा बढी हल्का पेय पदार्थ(५३.६%) ले र घरेलु धातुका सामान(४६.४%), प्रशोधित चिया(३५.०%), सिगरेट (२९.४%), प्लास्टिक पदार्थ (२७.१%), चामल (२६.४%), सोयावीन तेल(२२.०%) जस्ता वस्तुहरु अत्यधिक उत्पादन बृद्धि हुने वस्तुहरुमा पर्दछन् । यी वस्तुहरु विशेषत:तराई क्षेत्रमा उत्पादन भईरहेका वस्तुहरु हुन् जहाँ मुख्यरुपले भुकम्पको प्रभाव न्युन देखियो ।

यसैगरी बृद्धि हुने अपेक्षित अन्य वस्तुहरुमा आल्मुनियम सामान(१९.५%), विस्कुट(१७.०%), र पशु आहार(१३.८%) आदि रहेका छन् ।

अर्कोतर्फ उत्पादन घट्ने अनुमान गरिएका २५ वटा वस्तुहरु मध्ये सवै भन्दा धेरै दरले घट्ने अनुमान गरिएको उत्पादनमा सुती कपडा (४८.१%) हो । यस वाहेकका बढी दरले घट्ने अनुमान गरिएका वस्तुहरुमा कागज (अखवारी कागज बाहेक) ३७.९%), ल्युव आयल(३६.८%), संरचनात्मक धातुका सामान(२९.८%) र ब्रेड (२७.१%), रहेका छन् । यसै गरी १० प्रतिशत भन्दा बढीले उत्पादन घट्ने अनुमान गरिएका वस्तुहरुमा वनस्पति घ्यु, उनी गलैचा, विद्युतीय तार र केवल, ह्युम पाइप, रोजिन, इटा, सिमेन्ट, कार्टुन वक्स, गहूँको पिठा, कंक्रिट, चिरान काठ, प्लाइ उड र तैयारी पोशाक रहेका छन् ।

**बार्षिकरुपमा हेर्दा :**

बार्षिक उत्पादनलाइ वस्तुगतरुपमा (commodity) तुलना गर्दा १.३ % ले बढ्ने अनुमान गरिएको छ । विन्दुगतरुपले भन्नु पर्दा औद्योगिक उत्पादनको सुचकांक यस अवधिमा १२४.१ % बट १२५.७ % पुग्ने अनुमान छ । यस अवधिमा २४ वटा वस्तुहरुमा बृद्धि हुने देखिएकोमा सवै भन्दा बढी कंक्रिट (९३.६%) बृद्धि हुने अपेक्षा गरिएको छ । यसरी बृद्धि हुनुको कारणमा गत आ.व.मा कंक्रिट बढि मात्रामा विदेशी निकासी खुल्ला हुनु तथा निर्माण जन्य कार्यमा बृद्धि हुनाले भएको हुन सक्छ । त्यसैगरी बार्षिकरुपमा तुलना गर्दा बढ्ने अपेक्षा गरिएका अन्य वस्तुहरुमा चिनी (४८.८%), सोयाविन तेल(३८.८%), सावुन (२८.०%), हल्का पेय पदार्थ(२६.०%), पेन्ट (१९.३%) र कागज(अखवारी कागज बाहेक) (१६.६%) रहेका छन् ।

अर्कोतर्फ उत्पादन घट्ने अपेक्षा गरिएका २० वटा वस्तुहरुमा सवै भन्दा बढी तैयारी पोशाकमा(३८.१%) ले उत्पादन घट्ने देखिन्छ । त्यस पछि घरायसी वस्तुका सामानहरु २६.४% देखिन्छ र उनीको गलैचा र प्लाइउड १८.६ % ले घट्ने अनुमान गरिएको छ । त्यसैगरी ल्युव आयल, चुरोट, काठ चिरान, विजुलीको तार तोरीको तेल, संरचनात्मक धातुहरु, इटा आदिको उत्पादन पनि निकै घट्ने देखिन्छ ।